मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

प.सं. २०८३/८४
च.नं.

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम नेपाल

**पलिकाको Geo referenced water supply, sanitation and Hygiene(WASH) Plan तयार गर्न परामर्श सेवा खरिदको लागि दररेट पेश गर्ने सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८३।०६।२१

उपरोक्त सम्बन्धमा यस कार्यालयका लागि आ.व २०८३/०८४ को स्वीकृत वजेट अनुसार पलिकाको Geo referenced water supply, sanitation and Hygiene(WASH) Plan तयार गर्न परामर्श सेवा खरिद गर्ने प्रयोजनका लागि देहायमा उल्लेखित TOR अनुसार आर्थिक तथा प्राविधिक प्रस्ताव ७ दिन भित्र यस कार्यालयमा कार्यालय समय भित्र पेस गर्न हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:-
निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

- स्थायी लेखा नम्बर प्रमाणपत्र र मूल्यअभिवृदि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
- आ.व २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

पुनश्चः- प्राप्त दर रेटहरु स्वीकार गर्ने/नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

०८३/०६/२१
विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## मालिकार्जुन गाउँपालिका दार्चुलाको खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना तर्जुमा सम्बन्धी कार्यशर्त (TOR)

### १. परिचय:

क्षेत्रगत सूचना प्रणालीमा आधारित खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यविधि, २०८१ बमोजिम खानेपानी तथा सरसफाई सेवाको विकास तथा अनुगमनका लागि क्षेत्रगत सूचना प्रणाली (NWASH MIS) मा आधारित योजना तयार गरी कार्यान्वयन गर्न दार्चुला जिल्लाको मालिकार्जुन गाउँपालिकाले पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना तर्जुमा गर्न एक अनुभवी परामर्शदाता संस्थाको सेवा माग गरेको छ। यो योजना नेपाल सरकारको क्षेत्रगत विकास योजना र दिगो विकास लक्ष्य (SDG) सँग मेल खाने गरी तयार गरिनेछ।

### २. पृष्ठभूमि र औचित्य:

- नेपालको संविधानको धारा ३५(४) ले स्वच्छ खानेपानी र सरसफाइलाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ।
- स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रको योजना र नीति बनाउने पूर्ण अधिकार र जिम्मेवारी छ।
- सन् २०३० सम्म सबैका लागि सुरक्षित र सुपथ मूल्यमा खानेपानी पुर्याउने दिगो विकास लक्ष्य प्राप्त गर्न यो योजना आवश्यक छ।
- यस योजनाले जलवायु परिवर्तन अनुकूलन (CCA) र विपद् जोखिम न्यूनीकरण (DRR) लाई पनि समेट्नेछ।

### ३. मुख्य उद्देश्यहरू:

- NWASH मोबाइल एप प्रयोग गरी पालिकाभित्रको खानेपानी र सरसफाइको वर्तमान अवस्था अपडेट गर्ने।
- सन् २०३० सम्मका लागि आवश्यक बजेट र स्रोतको पहिचान सहितको दीर्घकालीन योजना बनाउने।
- स्थानीय सरकारको नेतृत्व र स्वामित्वमा रहने गरी व्यावहारिक र कार्यान्वयन गर्न सकिने WASH योजना तयार गर्ने।

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

४. **कार्यविधि र कार्यक्षेत्र (Scope of Work):**

- **तथ्याङ्क संकलन:** समुदाय स्तरबाट NWASH Application मार्फत निम्न बमोजिम WASH सुचना संकलन तथा NWASH MIS मा सर्भे भएका सूचनाहरु आवश्यकता अनुसार प्रयोग तथा अद्यावधिक गर्ने,
    - हाल संचालित खानेपानी योजनाहरूको inventory सूचना: सबै,
    - निर्माणाधीन अवस्थामा रहेका खानेपानी योजना तथा सेवा पहुँच नभएका बस्तीहरुको सूचना: सबै,
    - घरधुरी सर्वेक्षण: जम्मा घरधुरीको (समावेशी आधारमा) सबै
    - ट्युबवेलको सूचना: सबै
    - विद्यालयको सूचना: सबै
    - स्वास्थ्य संस्थाको सूचना: सबै
    - सार्वजनिक शौचालयको सूचना: सबै
    - फोहोरमैला व्यवस्थापन सम्बन्धि संचालनमा रहेका र निर्माणाधीन वा पालिकाले लक्ष्य गरेका Community Sanitation का योजनाहरु: सबै
    - खानेपानी योजना उपभोक्ता समितिहरुको सूचना: सबै
    - यस बाहेक NWASH MIS प्रणाली तथा सम्बन्धित ऐन, कार्यविधि अनुरुप सूचनाहरु: सबै
- **प्राविधिक विश्लेषण:** पुराना आयोजनाहरूको मर्मत-सम्भार र नयाँ आयोजनाहरूको आवश्यकता पहिचान गर्ने।
- **परामर्श बैठकहरू:** वडा र पालिका स्तरमा अभिमुखीकरण, तथ्याङ्क प्रमाणीकरण र अन्तिम प्रस्तुतीकरण लगायत बैठकहरू आयोजना तथा प्राविधिक सहयोग गर्ने।
- **डिजिटल नक्सांकन:** GIS प्रविधिमा आधारित अनलाइन नक्सा तयार गर्ने।
- **कार्य सम्पन्न गर्ने अन्तिम मिति:** सम्झौता भएको मिति बाट ३ (तीन) महिना सम्म।

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

५. **आवश्यक जनशक्ति (Team Composition):**

- टेलि नेता वास विज्ञ Tem Leader Wsah Export सिभिल वातावरण इन्जिनियरिङ वा सामाजिक विज्ञानमा स्नातकोत्तर गरि वास क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको
- तथ्याङ्क विश्लेषक GIS विज्ञ Data Analysts / GIS Export तथ्याङ्क व्यवस्थापक GIs म्यापिङ र NWASH प्रणालीमा सञ्चालन अनुभव भएको।
- सामाजिक परिचालक तथा गणकहरु Socil Mobilizers Enumeratior स्थानीय स्तरमा तथ्याङ्क संकलन र सञ्चालन गर्न सक्ने
- **समाजशास्त्री:** १ जना।
- **फिल्ड सुपरभाइजर:** १ जना।
- **फिल्ड सहायक:** ३ जना।

६. **भुक्तानी तालिका (Payment Schedule):**

- **प्रथम किस्ता:** प्रारम्भिक प्रतिवेदन (Inception Report) बुझाएपछि - २५%।
- **दोस्रो किस्ता:** तथ्याङ्क संकलन गरी सर्भरमा अपलोड गरेपछि -४०%।
- **अन्तिम किस्ता:** योजना स्वीकृत भएर अन्तिम प्रतिवेदन बुझाएपछि -३५%।
- बैंक ग्यारेन्टी पेश गरेको हकमा अग्रिम पेश्की दिन सकिनेछ।

७. **पेश गर्नुपर्ने कागजातहरू:**

- संस्था दर्ता र भ्याट/प्यान प्रमाणपत्र।
- आर्थिक वर्ष २०८२/०८३ वा २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र।
- विज्ञहरूको बायोडाटा (CV) र स्वघोषणा पत्र।
- सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव पत्र।
- संस्थाको प्रोफाइल।

विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत